# ५५औं बैठक

आज मिति २०७७।०२।०८ गते बिहिबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको कार्यालय पाँडुडाडामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति:

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री शालिकराम फुयाल | सदस्य सचिव | |

निर्णय नं. (१)

विदेशमा विभिन्न रोजगारीमा रहेका बैतेश्वर वासी नागरिकहरु कोरोना भाइरस संक्रमणको कारण आफ्नो घरमा आउन चाहेमा, सम्बन्धित नागरिकहरु, औ. आफ्नो तरिकाबाट सुरक्षित अवस्थाबाट औ. आफ्नो घरमा

उत्रने क्रममा, घरमा आउने नागरिकहरुको के कसरी व्यवस्था गर्ने भन्ने विषयमा छलफल गर्दा सम्बन्धित वडा वासी नागरिकहरुलाई क्वारेन्टाइनको उचित प्रवन्ध वडा स्तर बाट तयार गर्ने र क्वारेन्टाइनमा बस्ने नागरिकहरुको खाना खाजा बापत लाग्ने खर्च, प्रति व्यक्ति रु २५०। दुइसय पचासको दरले हुने रकम, कोरोना भाइरस उद्धार कोष बाट खर्च व्यहोर्ने निर्णय गरियो।

निर्णय नं. (२)

बैतेश्वर वासी नागरिकहरुमा, कोरोना भाइरसको कारण दैनिक आवश्यक पर्ने खाद्यान्नहरुको अभाव दिन प्रतिदिन बढ्दै अवस्था रहेकोले खाद्यान्नहरुको भण्डारणको लागी खाद्य बैंक स्थापना गर्न आवश्यक भएकोले, खाद्यान्न सहयोगको निमित्त सहयोगी दातृ निकाय, संघ, संस्था, व्यक्तिले सहयोग उपलब्ध गराएमा, उपलब्ध हुने सहयोग बाट खाद्य बैंक स्थापना गर्ने निर्णय गरियो।

निर्णय नं. (३)

सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालय स्वास्थ्य कार्यालय बागमति प्रदेश, दोलखाको च.नं. २३३ मिति २०७७।०२।०२ को खोप कार्यक्रम सन्चालन सम्बन्धी पत्रमा उल्लेख भएका खोप कार्यक्रम हरु वर्तमान कोरोना भाइरस संक्रमणको समय भएकोले सामाजिक दुरी कायम गरि कार्यान्वयन गर्न स्वास्थ्य इकाइलाई निर्देशन दिने।

निर्णय नं. (४)

बैतेश्वर गाउँपालिकाको प्रशासनिक भवनको प्राविधिक शाखा बाट पेश भएको मोडिफिकेसन बस गाउँपालिकाको अध्यक्ष बाट स्वीकृत गर्न अनुमति दिने।

निर्णय नं. (५)

बैतेश्वर गाउँपालिका वडा नं. ८ मा पर्ने मलेपु वन क्षेत्र र वडा नं. ७ मा बैतेश्वर पर्ने मामीथली वन क्षेत्रको मिति २०७६।१०।१८ मा दोश्रो पटक आन्तरिक आय तर्फको शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन भै मिति २०७६।११।२ मा आशय सम्बन्धी सूचना प्रकाशित भै श्री दिम्बा कन्स्ट्रक्सन प्रा.लि. लाई, सम्झौता गर्न आउने सम्बन्धमा मिति २०७६।१२।१० मा पठाइएको पत्र प्रमाणको पत्रको म्याद भित्र सम्झौता गर्न उपस्थित नभएकोले खरिद ऐन र नियमावली बमोजिम कार्यवाही गर्न प्रमुख प्रशासकिय अधिकृत लाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.(६) शहरी विकास तथा भवन निर्माण विभाग, सघन शहरी तथा भवन निर्माण आयोजना मन्थली रामेछापको च.नं. ३३४ मिति २०७७।१।२२ को पत्रअनुसार १५ शैया अस्पतालको स्तरउन्नतीका लागी विवरण सम्बन्धमा प्राप्त पत्रको सम्बन्धमा शहरी विकास तथा भवन निर्माण विभागको च.नं. १०४२।मिति ०७६।१२।०९ को जग्गा सम्बन्धमा कैफियत महलको विवरण बमोजिम मिति २०७६।५।२७ मा वैतेश्वर गाउँपालिकाको नाममा राजीनामा बाट प्राप्त (साविक काठे गा.वि.स. वडा नं. ३) वैतेश्वर वडा नं. ५ को कि.नं. ७०२, ७०३, ६४४, ६४६, ७०१, ७०४, ६३३ को क्षेत्रफल ०२५६५ व.मि. र वैतेश्वर वडा नं. ५ को कि.नं. ६३ को कित्ता बिच तर्फको ६ रोपनी ३०५५ व.मी. जग्गा समेत जम्मा ६०३० व.मी. जग्गा, ३३६५ व.मी. जग्गा वैतेश्वर गाउँपालिकाको नाममा जग्गा धनि प्रमाण पुर्जा भएकोमा वैतेश्वर अस्पताल लाई भोगचलनको उपलब्ध गराउने र सार्वजनिक जग्गा कित्ता नं. ६३ बाट उल्लेखित क्षेत्रफलको जग्गा वैतेश्वर अस्पतालको भोगचलन हुने गरि जग्गाको विवरण पठाउने निर्णय गरियो।

निर्णय नं.(७) covid-19 कोरोना भाइरस सक्रमण को महामारी फैलिइरहेको यस गाउँपालिका बाट, कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष स्थापना गरि, वडा स्तरमा क्वारेन्टाइन निर्माण भएको तत्:क्षण स्वास्थ्य सम्बन्धी औषधि लगायतका सामाग्री उपलब्ध गराउन निर्माण भएको कोष बाट रकम नपुग भएकोले थप रकम पठाइ दिन प्रदेश सामाजिक विकास मन्त्रालय वागमति प्रदेश हेटौंडा मकवानपुरमा अनुरोध गरि पठाउने निर्णय गरियो।